पञ्चपुरी नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

पञ्चपुरी नगरपालिका

बाबियाचौर ,सुर्खेत

# सूचना ! सूचना !! सूचना !!!

## सामाजिक सुरक्षा परिचयपत्र नवीकरण गर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीले प्रत्येक आर्थिक वर्षको श्रावण १ गते देखी भाद्र मसान्त सम्म सम्बन्धित वडा कार्यालयमा स्वयम् उपस्थिति भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गराउनुपर्ने व्यवस्था अनुसार पञ्चपुरी नगरपालिकामा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले **२०८२ श्रावण १ गते देखी २०८२ भाद्र मसान्त** भित्र आ-आफ्नो वडा कार्यालयमा राष्ट्रिय परिचयपत्र सहित आवश्यक कागजात लिई स्वयम् उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नुहुन सुचित गरिन्छ ।

पुनश्चः

- यदि तोकिएको समयभित्र सामाजिक सुरक्षा परिचयपत्र नवीकरण नभएमा उक्त लाभग्राहीको नाम सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको सुचिबाट हट्नेछ ।
- पुनः नयाँ लाभग्राहीका रुपमा नाम दर्ता गर्नु पर्ने हुन्छ भने सो बिचको अबधिको सामाजिक सुरक्षा भत्ता पनि प्राप्त हुने छैन ।
- साथै सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य नयाँ लाभग्राहीले निवेदन दिएको अर्को महिना देखी मात्र भत्ता पाउने भएकोले समयमा नै नामावलीमा सूचिकृत हुन आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गर्नुहुन समेत जानकारी गराईन्छ ।

Gaurave Banjade ४।३२

...............

गौरव बन्जाडे

नि. प्रमुख प्रशासकीय अधिकृत

"कृषि-पशुपालन ,पर्यटन,शिक्षा,स्वास्थ्य तथा स्वरोजगारः सुदृढ जनस्वास्थ्य सहितको समृद्दि पञ्चपुरीको आधार"

फोन नं.०८३-४१६०६७,वेबसाइट- www.panchapurimun.gov.np

ईमेलः panchapuri.municipality@gmail.com, ito.panchapurimun@gmail.com

## सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न योग्य लाभग्राहीको मापदण्ड र संलग्न गर्नुपर्ने कागजात:-

| लक्षित समुह | उपसमुह | मापदण्ड (नेपाली नागरिकं) | संलग्न गर्नुपर्ने कागजात |
|---|---|---|---|
| जेष्ठ नागरिक भत्ता | ७० वर्ष भन्दा माथी | ➢ ७० वर्ष भन्दा माथीका सबै नेपाली नागरिक | ➢ नेपाली नागरिकता प्रमाणपत्र |
| | जेष्ठ नागरिक दलित | ➢ ६० वर्ष भन्दा माथिका राष्ट्रिय दलित आयोगमा दलित भनी सुचिकृत जाती | ➢ नेपाली नागरिकता प्रमाणपत्र र दलित जाति खुल्ने प्रमाण |
| | जेष्ठ नागरिक एकल महिला | ➢ ६० वर्ष भन्दा माथिका अविवाहित वा सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण भएको | ➢ नेपाली नागरिकता प्रमाणपत्र<br>➢ अविवाहित वा सम्बन्ध विच्छेद वा न्यायिक पृथकीकरण भएको प्रमाण |
| एकल महिला | विधुवा | ➢ पतिको मृत्यु भएको र अर्को विवाह नगरेको | ➢ नेपाली नागरिकता प्रमाणपत्र, पतिको मृत्युदर्ता प्रमाणपत्र र अर्को विवाह नगरेको प्रमाण |
| अपाङ्गता भत्ता | पुर्ण अपाङ्गता | ➢ पुर्ण अपाङ्गता भएको (प्रचलित कानून बमोजिम 'क' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) | ➢ नेपाली नागरिकता प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि) वा जन्मदर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा मुनी)<br>➢ 'क' वर्गको अपाङ्गता परिचयपत्र |
| | अति अशक्त अपाङ्गता | ➢ अति अशक्त अपाङ्गता भएको (प्रचलित कानून बमोजिम 'ख' वर्गको अपाङ्गता परिचयपत्र प्राप्त गरेको) | ➢ नेपाली नागरिकता प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि) वा जन्मदर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा मुनी)<br>➢ 'ख' वर्गको अपाङ्गता परिचयपत्र |
| बाल पोषण भत्ता | अति विपन्न तथा क्षेत्र तोकिएका | ➢ ५ वर्ष उमेर पुरा नगरेका, सम्बन्धित वडा कार्यालयमा जन्मदर्ता गराएको,<br>➢ नेपाल सरकारले क्षेत्र तोकेको जिल्ला र देशभरका दलित बालबालिका | ➢ आमा, बाबु वा संरक्षकको नागरिकताको प्रमाणपत्र, बालबालिकाको जन्मदर्ता प्रमाणपत्र |
| लोपोन्मुख जाती | लोपोन्मुख जाती / बालबालिका | ➢ सामाजिक सुरक्षा ऐन, २०७५ को अनुसूचीमा उल्लेखित जाति | ➢ नेपाली नागरिकता प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा माथि) वा जन्मदर्ताको प्रमाणपत्र (उमेर १६ वर्ष भन्दा मुनी)<br>➢ लोपोन्मुख जाति खुल्ने प्रमाण |